संघीय संसद

राष्ट्रियसभा

राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्या: १८७

मिति: २०८०/०४/०१

समय: विहान ११:०० वजे

प्रारम्भ: विहान ११:१० वजे

अन्त्य: दिनको १: ३० वजे

<u>छलफल तथा निर्णय</u>

१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०८०/०४/०१ गते वसेको बैठकमा यस समितिबाट लिखित रूपमा माग गरिएको राष्ट्रिय सुरक्षा सम्बन्धी नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था, राष्ट्रिय सुरक्षा सम्बन्धमा भए गरेका कामकारवाही र भावी कार्ययोजना, राष्ट्रिय सुरक्षासँग सम्बद्ध निकायहरुको स्थापना, संख्या, जनशक्ति, बजेट तथा कार्यक्रम सहितको तथ्यगत विवरण, राष्ट्रिय सुरक्षाको महत्वपूर्ण पक्षको रूपमा रहेको विपद व्यवस्थापनसँग सम्बन्धित नीतिगत, कानूनी संरचनागत तथा कार्यक्रमगत व्यवस्था, राष्ट्रिय सुरक्षामा देखिएको वाह्य चुनौती जस्तैः खुला अन्तराष्ट्रिय सिमाना, सीमा अतिक्रमण, ईन्धन, उर्जा संकटको व्यवस्था गर्न सरकारले गरेको प्रयासहरु र हालको अवस्थाका सम्वन्धमा गृह मन्त्रालयवाट प्राप्त जवाफका सम्वन्धमा छलफल भयो।
२) आजको बैठकमा समितिको समिति गठन पश्चात हालसम्मको कार्यको समिक्षा तथा चालु आ.व. २०८०/८१ को वार्षिक कार्ययोजनाको मस्यौदामाथि प्रारम्भिक छलफल भयो ।
३) आगामी बैठक अर्को सूचना भएपछि वस्ने गरि आजको बैठक अन्त्य भयो ।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))
सभापति